# मेघा
# वसन्तकी मुना



### My pride, my Papa

Right away, what I am today I owe it all to my Papa. I have always been a papa's girl and he goes out of his way to pamper me. Just a few drops of tears in my eyes melt him. I believe I have a special place in my papa's heart and mind. He feels proud and elated of the fact that I am the only daughter in our family.

Despite his busy schedule, he always finds time for me. He nurtures, teaches and guides me in the ways of the family & business. Right from my childhood I have held him to be my idol. Like him, I also like good food, great clothes and travel holidays. However old I grow, he still sees me as a child.

Slipping into his shoes, I know he is right. Instead of trying to change him I rather accept him for what he is. My mother often says that I'm so much like my papa. I am proud of this fact. At times I feel, besides being a loving father, he is more of a caring friend. Perhaps the chemistry and understanding between us gives me the extra edge to face the challenges with more determination. What more could a daughter receive from her caring and understanding Father?



तस्बिर सौजन्य : वसन्त चौधरी

## मेघाका आँखामा वसन्त

**आज** म जहाँ छु, पापाकै कारणले हो। पापाले मलाई माया गरेर यस्तो बनाउनुभएको छ। उहाँ कतै जाँदा पनि मेरा आँखा अनायासै रसाउँछन्।

मलाई लाग्छ, पापाको मनमस्तिष्कमा मेरो लागि विशेष स्थान छ। म परिवारकी एक्ली छोरी हुँ। व्यस्तताका बाबजुद पनि पापा मेरो लागि समय निकाल्नुहुन्छ। त्यस बेला पारिवारिक एवं व्यावसायिक ज्ञानका बारेमा धेरै कुरा सिक्न पाउँछु।

अहिले म ठूली भए पनि मलाई बाल्यकालमा जस्तै माया गर्नुहुन्छ। मेरो र पापाको बानी मिल्छ भनेर ममी भन्नुहुन्छ। पापा र ममा देखिएको केमेस्ट्रीले जुन हौसला र उत्साह मिलेको छ, एउटी छोरीले पापाबाट त्योभन्दा बढी के पाउनु छ र?

अशोकप्यासी राई

**मेघा**मात्र १२ वर्षकी थिइन्। चौधरी परिवारले उनलाई देहरादुनमा लगेर पढाउने योजना बनायो। 'उसलाई त्यहाँ छाडेर आएपछि हामीले उसलाई सम्झेर रुँदै दिनरात बितायौं', बाबु वसन्त चौधरी छोरी मेघालाई सानी छँदै आफूहरूबाट टाढा राख्नुपरेको स्मरण गर्दै भन्छन्। आफ्नी प्यारी छोरीसँग टाढा हुनुपर्दाको पीडा छँदै थियो अभिभावकहरूमा। तर, उता मेघाको हालत पनि उही रहेछ। होमसिकले ग्रस्त उनको दिनचर्या पनि रोएरै बित्दोरहेछ आमाबाबुको सम्झनामा। वसन्त भन्छन्, 'उसले पनि त्यहाँ रोएरै बिताएको थाहा पाएपछि २१ दिनमै फर्काएर ल्यायौं।'

त्यसपछि मेघाको पढाइ स्वदेशमै भयो। छोरीको भविष्यलाई हेरेर मुटु मिचेर आफूभन्दा टाढा पुऱ्याएका थिए वसन्तले। त्यो बेला सानै भएकाले आफू परिवारबाट अलग रहन सकिनन् मेघाले। 'बोकम चाहिँ पुनाबाटै गरें', अलि ठूलो र सम्झन सक्ने भएपछिको अवस्थाबारे उनी भन्छिन्।

कुन विषय पढ्ने हो, त्यो रोज्ने काम थियो मेघाको। अध्ययनको विषय रोज्नका लागि बाबुआमाले स्वतन्त्र छाडिदिएका थिए उनलाई। 'कुन विषय पढ्ने भन्ने रोजाइ उसकै हो तर कहाँ पढ्दा राम्रो हुन्छ भन्ने च्वाइस हामीले दिएका थियौं', बाबु वसन्त भन्छन्। 'पापाको रुचि त स्वास्थ्यसेवातिर थियो, म डाक्टर बने हुन्थ्यो भन्ने उहाँलाई लागेको थियो', मेघा भन्छिन्। तर उनको रुचि व्यवस्थापनतिर तानियो। मेघा अहिले नर्भिक इन्टरनेसनल हस्पिटल हाँकिरहेकी छन्। अहिले जुन सोच र योजनाका साथ मेघाले नर्भिक सञ्चालन गरिरहेकी छन् त्यसमा आफ्नो दक्खल देखाइसकेको बाबु वसन्तको ठम्याइ छ। उनी भन्छन्, 'अब मेघाको हातमा नर्भिकको भविष्य सुनिश्चित छ।'

बाबु वसन्तलाई छोरीको अनुशासनमा बस्न रुचाउने बानी मनपर्छ। कामप्रति सदैव सचेत हुने व्यावहारिक पक्षले छोरीप्रति गौरवान्वित छन् उनी। 'अहिले विवाह गरेर घर गइसकेकाले व्यावहारिक काममा झनै अभ्यस्त भइसकेकी होला भन्ने लागेको छ', वसन्तको छोरीबारे मूल्यांकन यस्तो छ। छोरी पनि के कम, उनले पनि थपिहालिन्, 'मलाई त जान्ने बुझ्ने भएदेखि नै व्यावहारिक र सचेत छु भन्ने लागेको थियो।'

मेघाले आफ्नै पहल, सोच र योजनामा स्पा खोलिन्। आफैंले कल्पना गरेर सञ्चालन गरेको छोरीको त्यो योजना सफल भएको देख्दा बाबु वसन्त खुसीले गद्गद् छन्। छोरीले आफूलाई व्यावहारिक र सचेत भएको बताएकोमा कुनै प्रतिक्रिया नभएको बताउँदै वसन्त छोरीको प्रशंसामा भन्छन् 'मेरा लागि सम्भावनाको ठूलो ढोका खुलेझैं लाग्छ उसका गतिविधिले। भविष्यमा कुनै योजनाका बारेमा सोच्नेमात्रै होइन उसले सफलता पाउन पनि सक्छे भन्ने विश्वास छ मलाई।'

मेघा आफू आज जुन र जे अवस्थामा छु त्यो सबै बाबु वसन्तकै देन हो भन्छिन्। 'आज म जहाँ छु पापाकै कारणले छु', उनी बाबुसँग अरू बाबुछोरीको भन्दा अत्यन्तै सुमधुर सम्बन्ध भएको स्मरण गर्दै भन्छिन्, 'पापाले मलाई माया गरेर यस्तो बनाउनुभएको हो, उहाँ कतै जाँदासम्म पनि मेरो आँखा अनायसै रसाउँछन्।'

वसन्त पशुपति क्षेत्र विकास कोषको पहिलो सदस्यसचिव हुन्। उनी उद्योगपति हुन् तर छोरी यी दुवैभन्दा फरक बाटोमा छिन्। फरक धार हुनु पुस्तान्तर भएको बताउने मेघा बाबुको मनमस्तिष्कमा आफ्ना लागि विशेष स्थान रहेको दाबी गर्छिन्। मेघा परिवारमा एक्ली छोरी हुन्। व्यस्तताका बाबजुद वसन्तले आफ्ना लागि समय निकाल्ने बाबुको बानी छोरीलाई मनपर्छ।

वसन्त भन्छन्, 'ऊ परिवारकी एक्ली छोरी हो तर उसमा त्यस्तो अहम् कहिले भेटिनँ।' कुरो चाहनाकै हो, विवाहपछि पनि हरेक दिन भेट हुन्छ उनीहरूको। 'सकेसम्म दिउँसोको खाना अफिसमा सँगै खाऔं भन्ने मेरो चाहना हुन्छ', वसन्त भन्छन्। छोरी थप्छिन्, 'अरू कतिपय कुरा नमिले पनि खानाको परिकारमा हामी एक छौं, कहिलेकाहीं भ्याएका बेला घरबाट पापालाई मनपर्ने परिकार बनाएर ल्याउँछु।'

— अन्नपूर्ण शैली



### My angel, Megha

The almighty has blessed me with the only girl child in my family, Megha. She is a very tender and treasured

child. Perhaps this leads to her being thoroughly pampered. I try to shower upon her all the possible love and affection. Some even jovially accuse me, of being extremely possessive about her. As a loving and dutiful father I often try to cushion and caution her at times. Deep inside my heart, I'm sure she may not quite appreciate my attitude, but I'm also sure she understands me too.

Sometimes I feel guilty that I am not able to give her enough time and this makes me all the more worried and feel very of sad about the fact she does not express her feelings. But I know very well what she hides in her heart and mind. Despite some struggle within me I have left her to decide her own career and doing so I am quite confident that she will be successful in all her endeavors. At the end of the day, however grown-up, Megha will always remain the same innocent, playful and loveable little girl that I am used to for so long.

## वसन्तका आँखामा मेघा

**उसको** स्वभाव मसँग ठ्याक्कै मिल्छ। हरेक व्यक्तिलाई माया गर्ने, अरूको दुःख हेर्न नसक्ने खालको छ। म पनि त्यस्तै स्वभाव छु। मैले बाबुमुमाबाट पाएको त्यो गुण मेघामा पनि सऱ्यो। संगीतप्रति उसको त्यत्तिकै रुचि छ। शास्त्रीय संगीत, नृत्य प्रशिक्षण लिएकी छ भने पाश्चात्य संगीतमा पनि ज्ञान लिएकी छ।

गितार, पियानो बजाउने उसको गायनमा पनि रुचि छ। पछिल्लो समय लेखनमा पनि रुचि बढेको देखेको छु। भर्खरै 'बुद्धको धर्तीमा कस्तो यो युद्ध' गीत लेखेर मलाई अलिकति मिलाई दिनुपऱ्यो भनेर दिएकी थिई, मिलाउनै नपर्ने रहेछ।

म जति भावुक स्वभावको छु ऊ पनि त्यत्तिकै भावुक छे। तर, फरक म चित्त नबुझेका कतिपय कुरा अर्काको चित्त दुख्ला भनेर आफूभित्रै राख्छु। तर ऊचाहिँ भनी हाल्छे। युवा अवस्थाको परिणाम पनि हुन सक्छ यो। उसमा सुधार्नुपर्ने बानीको कुरा गर्दा जसरी म नाइँ भन्न सक्दिनँ उसको पनि त्यस्तै बानी छ।

मैले त जीवनको धेरै अंश बिताइसकें। त्यही बानीले मैले जीवनमा कतिपय कठिन घडीको सामना पनि गरेको छु। तर, मेघाको जीवन भर्खर सुरु हुँदैछ। उसले त्यस्तो अवस्थाको सामना गर्नु नपरोस् भन्ने मेरो कामना छ। ऊ उदार स्वभावकी पनि छे। मलाई कहिलेकाहीं कसैले उसको त्यो उदारताको गलत प्रयोग गर्ला कि भन्ने चिन्ता पनि लाग्छ।